जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास विचार र समाचारको स्वतन्त्र संवाहक

# आवाज धादिङ

Dhading Voice Weekly

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०७०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक १५ २०६७ साउन ९ गते आइतवार *Webside : www.dhadingawaj.com.np* 25 july, 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

## दाङमा संञ्चार उद्यमीको हत्या

# हत्यारालाई तत्काल पक्राउ गर्न माग

**धादिङ (धास)** । संञ्चार उद्यमी एवम रेडियो तुलसीपुर सञ्चालक समितीका अध्यक्ष देवी प्रसाद धिताल (हेमराज)का) गोली हानि हत्या गरेको बिरोधमा हिजो तुलसीपुरमा बिरोध सभा सम्पन्न गरिएको छ । नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालय, सामुदायीक रेडियो प्रसारक संघ केन्द्रिय कार्यालय र नेपाल पत्रकार महासंघ दाङ शाखाको संयुक्त आयोजनामा बिरोध सभा गरीएको हो ।

सभामा नेपाल पत्रकार महासंघका केन्द्रिय महासचिव एवम मिसन टोलीका संयोजक पोसण केसीले हत्यारालाई तत्काल पक्राउ गरि कार्वाही गर्न राज्य सग माग गर्नु भयो । विभिन्न समुहबाट सञ्चार उद्यमी, संञ्चारकर्मी माथि श्रृंखलाबद्ध रुपमा हत्याभईरहेकोमा राज्य अझै पनि गम्भीर नभएको भन्दै धितालको हत्यारालाइ तिन दिन बिती सक्दा पनि पक्राउ गर्न नसक्नुले थप प्रस्न चिन्ह खडा भएको बताउनु भयो ।

त्यस्तै कार्यक्रममा सामुदायीक रेडियो प्रशारक संघका पुर्वाञ्चल उपाध्यक्ष निमा पाखीनले दोषिलाइ तत्काल कारर्वाही गर्न माग गर्नु भयो । सामुदायिक रेडियो प्रसारक संघले पनि आफ्नो संयोजकत्वमा गठन भएको मिसन टोली अनुसन्धान गरीरहेको पाखीनले बताउनु भयो ।

विरोध सभामा नेपाल पत्रकार महासंघ दाङ शाखाका अध्यक्ष प्रताप रेग्मी, नागरीक समाज दाङका संयोजक टिकाराम रेग्मी, नेपाल पत्रकार महासंघ दाङ शाखा महिला विभाग प्रमुख सुशीला आचार्य, एकिकृत नेकपा माओवादीका प्रदिप ओली , नेपाली काग्रेसका हेमन्त केसी , नेकपा एमालेका हिराचन्द्र केसी, राष्ट्रिय जनमोर्चाका शुक्रराज भण्डारी लगायतकाले हत्यारालाइ तत्काल पहिचान गरि कारवाही गर्न माग गर्नु भएको थियो । विरोध सभामा विभिन्न संघ संस्था, मानव अधिकारकर्मी , नागरीक समाज, राजनितीक दल, होटल व्यवसायी लगायत दुई दर्जन भन्दा बढि संघ-सस्थाहरुले ऐक्यवद्धता जनाएका थिए । यसैबिच हत्याको विरोधमा राप्ती अञ्चल बस ब्यवसायी समितीले हिजोदेखी तिन दिन मुख्य कार्यालय र शाखा कार्यालय बन्दको घोषणा गरेको छ भने आज आईतबार विहान ११ बजेदेखी १ बजेसम्म दुई घण्टा चक्काजामको घोषणा गरिसकेको छ ।

संञ्चार उद्यमी धितालकोहत्याकोविरोधमा देशभरका रेडियोले पाच मिनेट शोक धुन बजाएका थिए भने हिजो कुनै पनी मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरेनन् ।

## महिला समूहको कोषमा ३५ हजार जम्मा

**धुषा (धास)** । जिल्लाको धुषा गाउँ विकास समिति वडा नम्बर २ थापागाउँमा रहेको मनकामना आयआर्जन महिला समुहले २०६६ साल बैशाख महिनामा जिल्ला शिक्षा कार्यालय धादिङबाट १० हजार र समुहको १० हजार समेत गरी २० हजार लगानी गरी शुरु गरेको बाख्रा पालन व्यवसायबाट समुहले २९ हजार ८ सय ७२ रुपैंया आम्दानी गरेको छ ।

यसको साथै समुहले मासिक रुपमा जम्म गरेको ५ हजार १ सय ८० रुपैंया समेत गरी ३५ हजार ५२ रुपैंया कोषमा जम्मा पनि गरेका छन् । मनकामना आयआर्जन महिला समुहले शुक्रवार एक कार्यक्रमको आयोजना गरी समुहले गरेको प्रगतिको बारेमा जानकारी गराएको हो । समुहका अध्यक्ष मिरा बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय समाजसेवी सिताराम थापाको प्रमुख आतिथ्य रहेको थियो ।

## विभिन्न कार्यक्रमका साथ पुष्पलाल स्मृति दिवस मनाइयो



**धादिङ (धास)** । साउन ७, पुष्पलाल स्मृति दिवस । नेकपा एमाले धादिङले एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरी ३२ औं पुष्पलाल स्मृति दिवस मनाएको छ ।

नेकपा एमाले धादिङका अध्यक्ष गुरुप्रसाद बुर्लाकोटीको अध्यक्षतामा भएको स्मृति दिवस तथा श्रद्धाञ्जली कार्यक्रममा नेकपा एमाले धादिङका जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

अखिल नेपाल महिला संघकी केन्द्रिय सदस्य जानुका सिखडाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस धादिङका सभापति रामनाथ अधिकारी, एकिकृत नेकपा माओवादी धादिङका जिल्ला सहइन्चार्ज रामबहादुर भण्डारी, वि.पि. चिन्तन प्रतिष्ठान धादिङका अध्यक्ष बद्री दाहाल लगायतले पुष्पलालको योगदानको चर्चा गर्नु भएको थियो ।

*बाँकी २ पेजमा*

# कांग्रेस गाउँ अधिवेशन आज

**धादिङवेशी (धास)** नेपाली कांग्रेस धादिङको सबै गाविसमा गाउँ अधिवेसन आज हुँदैछ । आज हुने गाउँ अधिवेशनको सबै तयारी पूरा भएको नेपली कांग्रेस धादिङले बताएको छ । नेपाली कांग्रेस धादिङका सभापती रामनाथ अधिकारीले शुक्रवार पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरि गाउँ अधिवेशनको तयारी पुरा भएको बताउनु भएको थियो ।

गाउँ अधिवेशनको लागि मतदान अधिकारीको रुपमा नेपाल शिक्षक संघमा आवद्ध ५० जना शिक्षकहरु ५० वटै गाविसमा पुगि सकेको पनि सभापती अधिकारीले बताउनु भयो । जिल्लाभरमा कुल चार हजार चार सय ८० क्रियाशिल सदस्य रहेको कांग्रेस पार्टीको गाउँ अधिवेशनबाट जिल्ला अधिवेशनका लागि पाँच सय २० देखि पाँच सय ३० जनासम्म प्रतिनिधि छनोट हुने बताइएको छ ।सबै गाउँ विकास समितिहरुबाट प्रतिनिधि छनोटका लागि दलित, जनजाति, सिमान्तकृत, महिलाका लागि आरक्षण र खुल्ला प्रतिस्पर्धाको व्यवस्था गरिएको छ भने गाउँ इकाइ समितिका सभापती पदेन प्रतिनिधि हुने व्यवस्था गरिएको छ । आगामी भदौ १० गतेदेखि १४ गतेसम्म हुन गईरहेको केन्द्रिय महाधिवेशन पूर्व सम्पन्न गरिसक्नु पर्ने गाउँ, क्षेत्र र जिल्ला अधिवेशन देशभर क्रमशः साउन ९, १५ र १७ गते सम्पन्न हुनेछ ।

कांग्रेस सभापति रामनाथ अधिकारीसँगको कुराकानी पेज ५ मा

नेपाली कांग्रेसको परिमार्जित विधान अनुसार देशभर गाउँ, क्षेत्र र जिल्ला अधिवेशन एकैदिन हुन लागेको यो पहिलो पटक हो ।

# पाँचसय ७८ घर चेपाङलाई चामल वितरण

**राजाराम शर्मा (धास)** । सिमान्तकृत जाति चेपाङहरुको उल्लेख्य बसोबास रहेको धादिङको जोगिमारा गाउँ विकास समिति वडा नम्बर ५ कि मैया चेपाङ सोमवार अत्यन्त खुशी देखिनु हुन्थ्यो ।

२५ वर्षको उमेरमा पाँचवटा सन्तान जन्माई सकेकि मैयाँलाई सधैंभरी बालबच्चालाई के खुवाउने भन्ने चिन्ताले सताई रहन्थ्यो । खेति गरेर खाने जमिन नभएको र सधैं भिर पखेरा र खोरियामा मात्र जीवन गुजारा गर्दै आएका चेपाङहरुमा वर्षेनिको खाद्यान्न अभाव र भोकमरीले मैया जस्तै धेरै भेपाङहरुको दिन यसैगरि चिन्ता गरेरै बित्दै आएको छ ।

वर्षेनी भोकमरीको समस्यासंग जुझ्दै आएका चेपाङहरुलाई सोमवार राहत स्वरुप चामल वितरण गरिए पछि उहाँहरुमा खुशी छाएको हो ।

जोगिमारा गाउँ विकास समितिमा बसोबास गर्दै आएका पाँचसय ७८ घर चेपाङहरुलाई सोमवार राहत स्वरुप चामल वितरण गरिएको छ । कर्मा सम्तेन लिङ गुम्बा स्वयम्भु छुगडोल काडमाडौंको सहयोगमा स्थानीय युनाईटेड युथ क्लवले जोगिमारा गाउँ विकास समितिका सम्पूर्ण चेपाङ, दलित र कालीकोट घटनाका पीडितहरुलाई चामल वितरण गरेको हो ।

पूर्व स्थानीय विकास मन्त्री एवं नेकपा एमालेका पोलिटब्युरो सदस्य राजेन्द्रप्रसाद पाण्डे र गुम्बा विकास समितिका पूर्व अध्यक्ष नेस्याङ ग्याल्वो रिम्पोछेले संयुक्त रुपमा चामल वितरण गर्नु भएको थियो ।

खेति गर्ने जमिनको अभाव र खोरीयामा जीवन गुजारा गर्दै आएका चेपाङहरुमा व्याप्त खाद्यान्न समस्या र भोकमरीलाई केहि हदसम्म भए पनि राहत स्वरुप चामल वितरण गरिएको आयोजकले बताएको छ ।

जोगिमाराका चेपाङ समुदायमा खाद्यान्न अभाव र भोकमरीका कारण

*बाँकी २ पेजमा*



आय-आर्जनको बाटो :- धादिङमा दिगो भु-व्यस्थापन कायक्रम लागु भउ पछि किसानहरु बेमौसमी तरकारी खेती गर्न अग्रसर भएका छन् । HRDMANको कार्यक्षेत्र ज्यामरुङमा प्लास्टिक घरभित्र वेमोसमी खेती गर्दौं किसान दुर्गा प्रसाद थपलिया । उहाँ शारीरिक रुपमा अपाङ्ग हुनुन्छ । तस्वीर-नवराज छत्कुली

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङ : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

## सम्पादकीय.........

# बिचार गरौँ

२०६७ साल जेठ १४ गते मध्यरातमा संविधान सभाको एक वर्षको म्याद थप र साउन ५ र ७ गतेको प्रधानमन्त्रीको निर्वाचनको संसदिय अभ्यासलाई हेर्दा पाउने र खाने बाहेक नेपालका प्राय नेताहरुमा देश, जनता र राष्ट्रियता जस्ता महत्वपुर्ण विषय प्रति कुनै चासो र चिन्ता भएको देखिदैन। केवल कुर्सी पद र पैसाको लागि लडिरहेको स्पष्ट हुन्छ। प्रधानमन्त्री माधव कुमार नेपालले राजीनामा दिएपछि छिनमै समस्या समाधान गर्ने, नागरिक सर्वोच्चता स्थापित हुने, राष्ट्रिउ स्वाधिनताको रक्षा हुने, संविधान लेखन कार्य तुरुन्तै थालिने, शान्ती प्रक्रिया तत्कालै निश्कर्षमा पुग्ने जस्ता अनेकौं मनोगणन्त्य शव्दजाल बुन्ने नेताका “गतिला” गफ पनि देखियो। यसले प्रजातान्त्रिक नेता पनि विना मट्याङ्ग्राको गुलेलीले ढुकुर खसाउने जस्तै लाग्यो। संधैंधरि सत्तालिप्सामा देखिएका केहि दलहरु सहमतीय राजनीतिको कुरा अलाप्दै जुनसुकै प्रक्रियाबाट भए पनि कुर्सि हडप्ने दाउमा देख्दा अब मुलुक कतातिर जाने भन्ने शंका उत्पन्न भएको छ। नेताका झुटा आस्वासन र भाषणमा झुलेर जनता अब चुप बस्ने छैनन्। देश र जनताका लागी भन्ने नेताहरुले अव शीघ्र विचार पुऱ्याउनै पर्ने बेला आएको छ। पैसा र पदको लागि मात्र खेल खेल्नेहरु अब फालिने छन्। जनता छिटो छिटो परिवर्तन खोज्ने संवाहक भएकाले बेलामा बुद्धि नपुगे सोचेको भन्दा अलग परिस्थिति सृजना हुने सम्भावना छ।

# मलाई मन पर्ने गुरु

*विद्यार्थीको धैर्यता, गुरुप्रतिको सम्मान, नयाँ कुरा जान्न खोज्ने चाहना र शिक्षकको विद्यार्थीका समस्यालाई समाधान गर्न खोज्ने र पूर्नताजगी भइरहने कामले शिक्षक-विद्यार्थी, सम्बन्धमा पनि विस्तार हुने पक्का छ।*



✍ ...
कृष्णप्रसाद भट्टराई

## समय सन्दर्भ

शिक्षण पेशा चुनैतीपूर्ण छ। असल गुरु बन्न त अझै गाऱ्हो। कक्षा १ देखि स्नाकोत्तर तहसम्म अध्यान गर्दा ५० वढी गुरुहरुबाट पढियो। कक्षा १० सम्म पढ्दा पढाउन आउने जो सुकै भएपनि डर लाग्थ्यो। केही गुरुहरु त्यतिवेला पनि मन पर्थ्यो। केहि मन नपर्ने भएपनि कक्षामा वसियो र विरोध गर्ने आँट गरिएन। अशल र कमशल गुरुहरु छुट्याउने र कक्षा लिने अथवा नलिने काम प्रविणता प्रमाणपत्रतहको अध्ययन सँगै भयो र त्यो पछिसम्म कायम रह्यो।

आफु पनि अध्यान पेशामै लागेकाले अहिले गुरुहरु र उनिरुले प्रस्तुत गरेका व्यवहार सम्झना आईरहन्छ। केही यस्ता गुरुहरु छन् जसको शैली र व्यवहारिक पक्षलाई समेत पछ्याउन मन लाग्छ। यस्तै वीचमा मलाई मनपर्ने शिक्षक जसको सधै अनुकरण गर्न मन लाग्छ र उनि संजीव उप्रेती हुन्।

उप्रेती एम्.ए अंग्रेजी विषयमा अहिले सम्म त्रिभुवन विश्वविद्यालय वाट धेरै अंक ल्याउने व्यक्ति हुन। उच्चतम अंक ल्याएर पनि विद्यार्थीका शैक्षिक समस्यालाई सही तरीकाले सम्वोधन गर्ने उनको पक्ष मलाई निकै मन पर्छ। गुरुहरु विभिन्न थरिका हुन्छन्। कुनै गुरुहरु आफ्नो कुरा एकोहोरो लाग्छन्। कसैले विद्यार्थीका प्रश्नहरु सहजताका साथ सिकाउदैनन्। सकेसम्म उम्कन खोज्छन्। कोही विषयवस्तु भन्दा वाहिरका विषयमा गफ गरेर सम्वन्धित विषयमानै प्रवेश गर्दैनन्। र विद्यार्थीलाई आफ्नो पक्षमा राख्न र नियन्त्रण गर्न परीक्षामा आफ्नो विरोधमा बोल्नेलाई फेल गराइदिएर गर्छन्। यस्तो समस्या थोरै विद्यार्थी हुने विभागमा रहने गर्छन्। त्यस्तै कसैले कक्षामै राजनीतिक भाषण दिन्छन् त कसैले धेरै पिरियड पढाउँदा पनि एउटै विषय प्रष्ट पनि सक्दैनन्।



यस्ता धेरै हवगुण मैले संजीव उप्रेतीमा कहीँ पनि पाइन। उनिसँगै अंग्रेजी केन्दीय विभागमा राम्रा पढाउने शिक्षकहरुमा श्रीधर लोहनी, विरेन्द्र पाण्डे लगाएतका शिक्षकहरु पनि छन्। तर उनिहरुले विद्यार्थीको सम्मान पाउन सकेका छैनन्। श्रीधर लोहनीलाई विद्यार्थीलाई जहिले पनि कम नम्वर दिने आरोप लाग्छ भने विरेन्द्र पाण्डे पैसामुखी वढी भएको आरोप लाग्छ। पढाउने विषयवस्तुमा प्रस्ट भएपनि उनिहरुलाई विद्यार्थीवाट दोषमुक्त हुन गाऱ्हो छ।

संजीव उप्रेती अथाह ज्ञान भईकन पनि सामान्य भाषाशैलीमा प्रस्तुत गर्न सक्ने क्षमता भएका व्यक्ति हुन्। विद्यार्थीका प्रश्नलाई र प्रतिक्रियालाई सहज रुपमा ग्रहण गर्न सक्ने गुण उनको छ। सामान्य ड्रेसमा उपस्थित हुने, विद्यार्थीका समस्या कक्षाकोठा, कार्यालय, कफीपसल देखि कुनै कार्यक्रममा समेत भन्न तयार हुने उनको सहजतापनलाई म उहिले पनि विर्सिदीन।

शोधपत्र लेख्ने क्रममा विद्यार्थीहरुलाई शिक्षकहरुले निकै दुःख दिने गर्छन। भेट नदिने, सामाग्रीको बारेमा नबताइदिने, केही दिनमै सिद्धिने काम पनि महिनौ लगाइदिने गरेका कैँयौ उदाहरण छन्। तर संजीव उप्रेतीसँग कोही विद्यार्थीले पनि अकारण दुःख पाएका छैनन्।

हिन्दु परम्पराअनुसार असार शुक्ल पूर्णिमालाई गुरु पूर्णिमाको रुपमा मनाईन्छ। विद्यार्थीले आफ्ना गुरुप्रति सम्मान भाव प्रकट गर्छन्। त्रिभुवन विश्वविद्यालयको केन्द्रिय क्याम्पसमा यसरी गुरुपूर्णिमा मनाउने औपचारिक कार्यक्रम त भएनन् तर मलाई हृदयदेखि नै सम्मान गर्न मन लाग्ने शिक्षक संजीव उप्रेती नै हो। मैले सकेसम्म उहाँको बाटोलाई पच्छ्याउने प्रयास गर्छु। तर कसले कति प्रस्तुती गर्न सक्छ भन्ने कुरा उसको प्राकृतिक क्षमतामा पनि भर पर्ने कुरा हो।

समाजमा सही ज्ञान प्रवाहको लागि गुरुहरुको महत्वपूर्ण योगदान हुन्छ। गुरुहरुले आफ्नो दायित्व निभाउन सकेमा विद्यार्थीको सम्मान पनि पाउने स्थिति हुन्छ। विद्यार्थीको धैर्यता, गुरुप्रतिको सम्मान, नयाँ कुरा जान्न खोज्ने चाहना र शिक्षकको विद्यार्थीका समस्यालाई समाधान गर्न खोज्ने र पूनर्ताजगी भइरहने कामले शिक्षक-विद्यार्थी सम्बन्धमा पनि विस्तार हुने पक्का छ।

E-mail akrishna@yahoo.com

# पाँचसय ७८ घर.....

समस्या उत्पन्न भएको विभिन्न सञ्चार माध्यमहरुमा समाचार आए पछि त्यस तर्फ आफूहरुको धयानाकर्षण भएको र राहत स्वरुप चामलको व्यवस्था गरिएको कर्मा सम्तेन लिङ गुम्वाका लामाहरुले बताउनु भयो।

चार जनासम्म परिवार रहेका घरधुरीलाई प्रति घर २० किलोग्राम, पाँच देखि आठ जनासम्म परिवार रहेका घर धुरीलाई २५ किलोग्राम र नौ जना भन्दा बढि परिवार रहेका घर धुरीलाई ३० किलोग्राम चामल वितरण गरिएको थियो। भोकमरीको समस्या खेपीरहेको बेला राहत स्वरुप भए पनि चामल पाएकोमा खुशी लागेको जोगिमारा-५ कि मैया चेपाङले बताउनु भयो।

# विभिन्न कार्यक्रमका.....

कार्यक्रममा बोल्दै नेकपा एमाले धादिङका अध्यक्ष गुरुप्रसाद बुर्लाकोटीले पुष्पलालको विचारले नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभएको थियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरत पौडेल, प्रहरी प्रमुख घनश्याम अर्याल, जिल्ला विकास समिति धादिङका योजना अनुगमन तथा प्रशासकिय अधिकृत राजेन्द्र बहादुर अर्याल, विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरु, विभिन्न संघ/संस्थाका प्रतिनिधि एवं जिल्लाका सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो।

यसैक्रममा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको संझनामा देशभर विभिन्न कार्यक्रम गरी ३२ औं पुष्पलाल स्मृति दिवस मनाइएको थियो।

# धादिङका महत्वपूर्ण टेलिफोन नम्बरहरु



| | |
|---|---|
| धादिङ अस्पताल | ५२०१३० |
| शहिद मेमोरियल अस्पताल | ५२०२८३ |
| राजमार्ग सामुदायिक अस्पताल | ५२९२८७ |
| धादिङ सामुदायिक अस्पताल | ५२०२४६ |
| गजुरी अस्पताल | ५२९११२ |
| जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र | ५२०२७८ |
| प्राथमिक स्वास्थ्य केन्द्र गजुरी | ५२९१७८ |
| वेनिघाट स्वास्थ्य चौकी | ९८४१५०९३९३ |
| खानीखोला एम्बुलेन्स | ०१६-२०४१२४ |
| सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्र | ०१०६९०११५ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| ईलाका प्रहरी कार्यालय गजुरी | ५२९१६० |
| ईलाका प्रहरी कार्यालय खानीखोला | ५२९१२६ |
| जिल्ला कारागार शाखा | ५२०२४० |
| जिल्ला प्रशासन कार्यालय | ५२०१३३ |
| नेपाल रेडक्रस सोसाइटी | ५२०१३७ |
| यातायात व्यवसायी संघ | ५२०११९, ५२०६०९ |
| माइक्रोबस व्यवसायी संघ | ५२०३८७ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| धादिङबेंसी | ५२०१५० |
| गजुरी | ५२९१७८ |
| मलेखु | ५२९२८७ |
| बैरेनी | ५२९१६२ |
| आरुघाट एम्बुलेनस | ०१९५३४५०४ |
| ने या स्व म संगठन पृथ्वी राजमार्ग इकाई धार्के (शवबहान एम्बुलेन्स) | ९८४१५१९६६६ |
| धादिङ आवाज साप्ताहिक | ०१०-५२०६१५ |
| ग्रामिण यातायात | ०१०-५२०९७४ |
| रेडियो धादिङ | ०१०-५२०९६० |
| रेडियो लोकतन्त्र | ०१०-५२०२७१ |
| रेडियो कृषि | ०१६-२१४४३९ |
| रेडियो विहानी | ०१०-५२०९९७ |
| जनमुक्ति साप्ताहिक | ०१०-६९०८४८ |
| मंगल प्रभात किरण | ०१०-५२०४४० |
| नेपाल पत्रकार महासंघ | ०१०-५२०७३० |
| गैसस महासंघ | ०१०-५२००४९ |

धादिङ आवाज Dhading Voice Weekly



# धन्य , अभिनन्दन



✍ ... बद्रीप्रसाद दाहाल

चटनी

जलवायु परिवर्तनको केही अपवादलाई छाडेर असार निस्सार भएर बाढीमा नरङ्गिए पनि राजनीति, अर्थ, साहित्य र शिक्षा संसारदेखि भन्सारसम्म अभिनन्दनको बाढी मजैले मडारियो यसपालि । भानुको नाममा मानु खाएर छान् उभ्याउनेदेखि चाचाचुका स्याराथुन धावकसम्म अभिनन्दनमा गम्म हुँदा असार साँच्चै भवसारमा रुपायित भयो । ठाउँ-ठाउँमा सम्पन्न कविगोष्ठी, चिन्तनहीन नयाँ पुस्तकहरुको घुम्टीखोली, विमोचन, लोकार्पण सार्वजनीकरणको वरणमा समीक्षा समालोचना, परिचर्चा प्रशंशाको भेलले श्रोता एवं दर्शक संसार डेल भएर ठेलमठेल गरी कार्यक्रम मध्यान्तरसम्ममै हल छोड्न बल गर्नेहरुको खल चरित्र बाध्यताबस मजैले उघ्रियो । पावर पुगेकाहरुलाई अभिनन्दन र पुरस्कारको सावर बजाएर टावरमा पुऱ्याई माहुर चटाइयो । चिन्तन मन्थन नभएका केवल गन्थन मात्र लेख्नेहरुलाई अभिनन्दन र सम्मान भाग्रा टोपीलाई गुहेलाको फूल सावित हुदोरहेछ । छन्द कविको तिथिमा मन्द मतिका कैयौं बिलखबन्दहरुलाई सुगन्ध भनेर प्रणामको वर्षा गरियो । छन्दले स्रष्टाको अभिव्यक्ति बन्द गर्छ भनेर खोट लगाउने पण्डितहरुको खण्डित पुच्छे चिन्तन रबडलयमा मुस्लो भएर निस्कियो । गुण, गण ,रस अलङ्कारलाई न्वारनदेखिको बल झिकेर सामन्ती ,पश्चगामी ,थोत्रो भनी कौलास्ने पराई अनुकरणलाई वरण गर्नेहरुको नाक चेप्प्राइमा प्रज्ञा प्रतिष्ठानले आफ्नो कविता महोत्सवमा यसपाली प्रथम दर्जा हासिल गऱ्यो । साँङ्गीतिक झङ्कारलाई संसार बनाएर झर्नाको झर्झर टिप्ने र शब्दानुप्रासमा भाव खिप्ने कैयौं कवितालाई बैरागी उभ्याएर रागीहरुले प्रज्ञाप्रतिष्ठानमा चिहान खनेर कवितामा विहान ल्याउने उद्घोष गरे ।

राष्ट्रिय प्रतिभा पुरस्कार क्षेत्रीय प्रतिभा सम्मान, चार-चार वर्ष थाती रहेको साझा पुरस्कार लगायत पारितोषिक बाँडी जात , क्षेत्र , भाषा र समावेशी सिद्धान्तलाई देखाउने दाह्रा बनाएर शक्तिमार्फत (केही अपवाद छोडी) तारा देखाउने कर्मकाण्डले अविरामता लियो । वास्तवमा - "अभिनन्दन" प्रशंशा, स्तुति वा नमनशील प्रार्थना हो । जहाँ खुसी , हर्ष , आनन्द र रामरमाइलो सन्निहित हुन्छ । अभिनन्दनीय अर्थात् प्रशसनीय , बन्दनीय , बर्णनीय र प्रणम्य त्यस्ता प्रतिभा हुन्छन् जसले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नयाँ हलचल दिन सक्छन् । "क्षणे-क्षणेयन्नवतामुपैति तदेव रुपं रमणीयतायाः" भनेर नीतिकारहरु त्यसै कुर्लिएनन् । अभिनन्दित त्यस्ता तागत हुन्छन् जसमा – प्रतिभा व्युत्पत्ति र अभ्यासको त्रिवेणी मजैले गड्गडाएको हुन्छ । यहाँ त अनुदित, हुबहुकपि , बकम्फुसे , अति पूर्वजहरुका उद्गारलाई ट्याक्कटुक्क पारेर सुटुक्क साधक बन्नेहरुको प्रणाम गर्ने, नमोनम भन्ने उत्सवले पो रुवायो बा ! साँच्चै प्रत्युत्पन्न मनि भएका , प्रज्ञाको आलोक दिएर सबै लोक विलोकित गर्न सक्ने चहक वा असाधारण क्षमतालाई नतमस्तक गर्न पाए मजै आउथ्यो गाँठे ! थाङ्ना , थोत्रा , सतही, चङ्खे अनुवादक र बलात् पूर्व र पश्चिमका टाकटुक पार्ने योजकलाई पुरस्य गराएर अर्हित बनाउने काम स्वत : गर्हित हैन र ? केहीलाई छाडेर निन्दन पत्र दिएर अलपत्र पार्नुपर्नेहरुलाई अभिनन्दनपत्र, वन्दनापुष्प , प्रशस्ति टिपोट भिराएर पुरस्कारको संसारै भूकम्प मच्चाउनेहरुदेखि भयभीत को बन्दैन र ?

उता ४०% विगत आर्थिक वर्षको बजेटलाई जेट बनाएर आखेट खेल्ने दुचछर राजनीतिक खेलाडीहरुले सडकमा हतार-हतार अलकत्रा हिल्याएर शासक र प्रशासकका टाउकादेखि गोडासम्म कमिसन बाँड्ने मिसन मार्फत अभिनन्दन र संम्मान मजैले भरे । भाइभतिजा, भान्जा, साली लगायतमा सरकारी नियुक्तिको बाली लगाएर राष्ट्रकोष खाली बनाई पारिवारिक अभिनन्दनमा माकुनेलगायतका टिकादत्तहरुले लोकतान्त्रिक गणतन्त्रको बाटै बिटुल्याए । नयाँ सर्कारको प्रं.म. छान्न दलहरुबीच अनभिनन्दनीय व्यक्तिहरुको बाढी लगाइदिएर हात लाग्यो शून्य बनाई असारको सुख्खापनलाई मजैले अभिनन्दनमा जाहेर गरे । यता कालाधनलाई सेता दौलतमा बदल्ने चम्बू एवं जम्बू शोषकहरुले शैक्षिक प्रतिष्ठानमा **S.L.C.** को परिणामपछि नीच व्यापारिक प्रयोजनको लागि अभिनन्दन र पुरस्कार वर्षाएर कयौंलाई भक्कू बनाईए । आफ्नो संस्था वा प्रतिष्ठानको धक्कूलाई प्राणप्रतिष्ठाको पुनर्ताजगीकरण गरेको गऱ्यै छन् । बाघका जस्ता दाह्रा र नङ्ग्रालाई सफेद पर्दा हालेर आफ्नो संस्थानको गौरवलाई रौरवबाट बचाउन सञ्चालक कौरवहरुले S.L.C. का दूधमुखे बालक र सोझा अभिभावकलाई विदाई स्वागत र संम्मानमा थुप्रै प्रशस्तिपत्र लेखेर अभिनन्दको नाटक मञ्चन गरेको गऱ्यै छन् । कलेजभवन, प्रयोगशाला, पुस्तकालय, खेलमैदान, कक्षाकोठा, कलेज पार गरेपछि त्यहाँको जनशक्तिले पाएको राष्ट्रिय अन्तर्राष्ट्रिय अवसरलाई भएनभएको फूलबुट्टा भरेर आफैलाई बन्दनीय, वर्णनीय, प्रशंसनीय एवं प्रणम्य गर्ने कूटनीतिक चालको पुरस्कार र संम्मानले उहित्यै उहित्यैको असारे बाढीलाई माथ गरेको छ । यसरी व्यापारिक, नाफामुखी वस्तुवादी अभिनन्दको ढर्रा लाई कयौं मतियारका गर्रा ध्वनिमनले समर्थन गर्दै माला र अविरमा अभिनन्दनको यात्रा जारी छ धन्य, अभिनन्दन ! धन्य ! धन्य !

# गरीवी निवारण कोषको कार्यक्रमको समिक्षा

**धादिङवेशी (धास)** । आर्थिक वर्ष २०६६/०६७ देखि धादिङ जिल्लामा सञ्चालन हुँदै आएको गरीबी निवारण कोषको कार्यक्रमको बारेमा विहिवार सदरमुकाम धादिङवेसीमा समिक्षा गरिएको छ ।

नेपाल सरकारको कार्य सञ्चालन खर्चको २० प्रतिशत र बाँकि विश्व बैंकको सहयोगमा सञ्चालन हुँदै आएको कार्यक्रम धादिङ जिल्लाका सातवटा विभिन्न गैरसरकारी संस्था र जिल्ला विकास समिति अन्तरगतको स्थानीय विकास कोषले २० वटा गाउँ विकास समितिहरुमा सञ्चालन भएको छ ।

सरकारी तथ्यांकमा झण्डै एक तिहाई अर्थात् ३१ प्रतिशत जनसंख्या गरीबीको रेखामुनि रहेको अवस्थामा आगामी २० वर्षमा यसलाई घटाएर १० प्रतिशतमा ल्याउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको कार्यक्रममा बताइएको छ । समाजका गरीव तथा पिछडिएका वर्गको सक्रिय सहभागिता गराई उनीहरुको जीवनस्तर उठाउन गरीवी निवारण कोषको कार्यक्रम सञ्चालन भएको गरिबि निवारण कोषका जिल्ला प्रवन्धक ओम पौडेलले कार्यक्रममा बताउनुभयो । साथै यस कार्यक्रम गरीव लक्षित, सामाजिक समावेसीकरणमा आधारित एवं लक्षित समुदायको मागमा आधारित रहेको पनि प्रवन्धक पौडेलले बताउनु भयो ।

समिक्षा कार्यक्रममा साझेदार संस्थाहरुद्वारा कार्य क्षेत्रमा गरेका कामहरु र प्रगति विवरण प्रस्तुत गरिएको थियो ।

जिल्ला विकास समिति धादिङका योजना अनुगमन तथा प्रशासकिय अधिकृत राजेन्द्रबहादुर अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्लाका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरु, गैर सरकारी संस्था महासंघका प्रतिनिधिहरु र सञ्चारकर्मिहरुको सहभागिता रहेको थियो ।

# दार्खाबाट एस.एल.सी उत्तीर्ण हुनेलाई सम्मन

**दार्खा (धास)** । धादिङ जिल्लाको उत्तरी दार्खा गाउँ विकास समिति भरीबाट एस.एल.सी परिक्षा २०६६ मा उत्तिर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरुलाई एक कार्यक्रमको आयोजना गरि सम्मान गरिएको छ ।

दार्खाको गणेशकुण्ड उच्च माध्यमिक विद्यालयमा सम्पन्न भएको सम्मान कार्यक्रम मेलमिलाप अध्ययन केन्द्र दार्खाले आयोजना गरेको थियो । मेलमिलाप अध्ययन केन्द्र दार्खाका अध्यक्ष नरबहादुर घलेको अध्यक्षतामा भएको कार्यक्रममा दार्खा गाविसभित्रबाट एस.एल.सी उत्तीर्ण भएका ४१ जना विद्यार्थीहरुलाई सम्मान गरिएको थियो । सो अवसरमा विद्यार्थीहरुलाई कलम र डायरी उपहार दिएर सम्मान गरिएको थियो ।

सम्मान कार्यक्रममा स्थानीय बुद्धिजिवि, दार्खाका विभिन्न विद्यालयका शिक्षकहरु तथा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । सम्मान कार्यक्रमले एस.एल.सी परिक्षामा उत्तिर्ण भएका विद्यार्थीहरुलाई थप सफलता गर्न हौसला पुग्ने कार्यक्रममा उपस्थित सहभागिहरुले बताएका थिए ।

# कार तोडफोड गर्ने चारजना पक्राउ

**तसर्पु (धास)** । तसर्पु गाउँ विकास समिति वडा नम्बर ९ दामेचौरमा हिजो मारुती कम्पनिको कार तोडफोडमा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धादिङ जिल्ला नौविसे गाउँ विकास समिति वडा नम्बर ८ धुसेनीका २० वर्षिय सागर लामा, सोही गाविस वडा नम्बर ९ काउलेका २० वर्षिय कान्छा लामा, तसर्पु गाविस वडा नम्बर ६ का १८ वर्षिय सुरेश तामाङ र काभ्रेपलाञ्चोक जिल्लाको सामपाटी गाविस वडा नम्बर ९ नववुद्धका २५ वर्षिय पूर्ण लामा रकेका छन् । जिल्लाका विभिन्न स्थानमा पक्राउ परेका उनीहरुलाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धादिङमा ल्याईएको पनि प्रहरीले बताएको छ । भूमिगत संगठन संयुक्त जातीय मुक्ति मोर्चाको नामबाट उनीहरुले धादिङको तसर्पु गाउँ विकास समिति वडा नम्बर ९ दामेचौरमा मारुती कम्पनिको कार तोडफोड गरेका थिए । मारुती कार कम्पनीले व्यापारको नाममा नेपाली रुपैयाँ भारत लगेको भन्ने आरोप लगाउँदै कारमा तोडफोड गरेर क्षति पुऱ्याएको मोर्चाले बताएको छ ।

मारुती कार कम्पनीलाई पाँच वर्षसम्म नेपालमा मारुती कार चलाउन प्रतिवन्ध लगाएकोमा अटेर गरि कार विक्रि वितरण गरेको भन्दै कार तोडफोड गरेको मोर्चाका धादिङ ईन्चार्ज प्रितम लामाले टेलिफोनमा बताउनु भएको थियो । मोर्चाले वुधवार दिउँसो ३ बजेतिर बा १ अ १९२ नम्बरको मारुती कम्पनीको कार तोडफोड गरेका थिए भने अबदेखि मारुती कम्पनीका कार चलाएमा जलाईदिने धम्कि समेत मोर्चाले दिएको थियो ।

## सडकखण्ड अबरुद्ध

**धादिङ(धास)** । गएरातीदेखि परेको अविरल बर्षासँगै पहिरो गएपछि नारायणगढमुगलिङ सडकखण्ड अबरुद्ध भएको छ । त्यस सडक खण्डको १४ किलो भन्ने स्थानमा पहिरो जाँदा सडक अवरुद्ध भएको हो । बाटो अवरुद्ध भएपछि उक्त सडकखण्ड हुँदै गन्तव्यमा पुग्ने यात्रु र सवारी साधनहरु बीच बाटोमा नै रोकिएका छन् । बाटो खुलाउने प्रयास भईरहेको प्रहरीले जनाएको छ ।

हामी नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्तो अन्याय, अत्याचार को लागि एक हुनु पर्छ भन्ने आफ्नो मागलाई हामी सबैले बुझ्नुपर्छ ।



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# सहमतिका तगारा

...जनक तिमिल्सिना

**राजनीति**

दलहरुबीच जारी अविश्वासका कारण पुनः नयाँ संविधान निर्माण, शान्तिप्रक्रिया र सेना समायोजन जस्ता राष्ट्रका मूलभूत एजेण्डाहरु कार्यान्वयनमा गम्भीर व्यवधान खडा भएको छ। एकअर्काप्रति गरिएको अविश्वासका कारण जेठ १४ गते राति थालिएको नयाँ सहमतिको यात्रा पनि अवरुद्ध बन्न पुगेको छ।

माओवादी सेनालाई ठेगान नलगाउँदासम्म उसमाथि विश्वास गर्न नसक्ने माओवादीइतरका दल र संविधान निर्माणपूर्वसेना समायोजन गरिए आफूलाई 'डिस्आर्म गरेर घेराबन्दीमा पारिने माओवादी आशंका मुख्य सहमतिका तगारा हुन। मूलरुपमा देखिएका यिनै तगाराहरुका कारण संविधानसभालाई मृत्युशैयाबाट बचाइए पनि अझै नयाँ संविधान निर्माणका लागि आवश्यक राष्ट्रिय सहमतिको सरकार गठन हुन सकेको छैन। न त शान्तिप्रक्रियासँग सम्बन्धित कामहरु नै अगाडि बढेका छन। जेठ १४ गते राति अवेर हस्ताक्षर गरिएको नयाँ समझदारीपत्रमा दलहरुले १ हप्ताभित्र जारी राजनीतिक गतिरोधको अन्त्य गर्न, संविधान र शान्तिप्रक्रियालाई सुनिश्चित गर्न सहमति गरेका थिए, जसबाट १ वर्षदेखि असहमतिको ढुंगामा चढेर तिक्ततापूर्ण राजनीति गर्दै आएका दलहरु सहमतिमार्फत अगाडि जाने विश्वास गरिएको थियो। तर, सहमति भएको अर्को दिनदेखि नै दलहरु आरोप-प्रत्यारोपमा उत्रिए। जेठ १४ को अनिष्टबाट मुलुकलाई जोगाउन दलहरुले १ वर्षदेखि छायाँमा पारिएको सहमतीय राजनीतिलाई नवीकरण गरेपनि त्यो सहमतिको मसी नसुक्दै यसको अपव्याख्या सुरु भइसकेको थियो। दलहरुले ३ बुँदे सहमतिपत्रलाई आ-आफ्नै ढंगले निर्णय गर्नथालेका कारण सहमतिपत्र छाँयामा परेको छ, जसका कारण आज फेरि दलहरुमा विगत २ वर्षेखि लागेको पुरानै रोग, आपसी शंका र अविश्वासको पुनरावृत्ति भएको छ। राष्ट्रिय सरकारका लागि वर्तमान सरकारको राजीनामाको मुख्य सर्तअगाडि सारेको माओवादी र सबै विषयवस्तुलाई प्याकेजमा सहमति गर्नुपर्ने एमाले-कांग्रेसको अडानका कारण मुलुकले पुनः राजनीतिक स्थिरता र परिवर्तको दिशा स्पष्ट गर्नसकेको छैन। शान्तिप्रकिया र संविधान निर्माण पनि यही राजनीतिक असहमतिको सिकार बनेको छ। संविधान निर्माणका नयाँ विषयवस्तुहरुबारे छलफल अगाडि बढ्न पनि दलहरुबीच समझदारी बन्न जरुरी छ। सभामुख सुवासचन्द्र नेवाङका अनुसार आफ्नो ७५ प्रतिशत काम सकिसकेको संविधानसभा अहिले कामविहीन छ। सरकारको राजीनामा र माओवादी लडाकुहरुको समायोजन एवं पुनर्स्थापनमा अड्किएको राजनीतिक हलोका कारण संविधानसभामा टुंगो लगाउन बाँकी रहेका र दलहरुबीच विवादित मुख्य मुद्दाहरु शासकीय स्वरुप, राज्यको पुनर्संरचना, निर्वाचन प्रणाली, न्यायप्रणालीलगायतका विषयमाथि छलफल नै सुरु भएको छैन। अर्कोतर्फ संविधासभाको म्याद थपिएको १५ दिन बितिसक्दा पनि संविधानसभामा दलहरुबीच नयाँ कार्यतालिका निर्माणका विषयमा स्पष्ट छलफलहरु अगाडि बढेका छैनन्। संवैधानिक समितिले यो बीचमा संविधानसभामा प्रतिनिधित्व गर्न २५ दलको बैठक बोलाई कार्यतालिका तत्काल निर्माण गर्न छलफलसमेत अगाडि बढायो। यद्यपि ती बैठकहरुमा पनि दलहरुले सहमतिको मन्त्र रटान गरे तर त्यसका आधारहरु खोलेनन।

न त कार्यतालिका बनाउने कार्यलाई नै अगाडि बढाउन सके। नेम्वाङले पनि नयाँ कार्यतालिका निर्माण गरी संविधानसभाका विवादित विषयमा सहमति खोज्न मुख्य दलका शीर्षनेताहरुलाई पटक-पटक गुहारिसकेका छन्। आफ्नै अडानबाट टसमस नभएका कांग्रेस-एमाले र माओवादीले यसप्रति कुनै चासो देखाएका छैनन्, जसले संविधानसभालाई पुनः अनिश्चयको वन्दी बनाउँदै लगेको छ। १५ गतेयता प्रधानमन्त्री माधवकुमार नेपाललाई मात्र अध्यक्ष नेम्वाङले २ पटक भेटेर ३ बुँदे सहमति, शान्तिप्रकिया र संविधान निर्माणसँग सम्बन्धित विषयहरुलाई अगाडि बढाउन पहल गर्नआग्रह गरेका छन्। यद्यपि यस विषयमा प्रधानमन्त्री नेपालले पनि सरकारका तर्फबाट कुनै पनि निर्णायक पहलका लागि थालनी गरेको देखिँदैन। जेठ १७ गते बसेको तीनदलीय शीर्षबैठकमा आफू 'सहमतिको बाधक होइन साधक भएको बताएका प्रधानमन्त्रीले यसबीचमा सहमतिका लागि राज्यका तर्फबाट पहल थाल्नुभन्दा पनि दलीय सहमति भए आफू राजीनामा दिन तयार रहेको सुगारटाइमात्र गरिरहेका छन्। यता विगत १ वर्षदेखि नागरिक सर्वोच्चता, राष्ट्रिय स्वाधिनता, शान्ति र संविधानसभाको सुनिश्चितताजस्ता नाराहरु दिएर आन्दोलनरत माओवादीले यसबीचमा नयाँ आन्दोलन थाल्ने घोषणा गरेको छ। उसले घोषणा गरेको सरकारविरोधी नयाँ आन्दोलनले पनि कुनै तात्विक निष्कर्षदेला भनेर विश्वास गर्नसकिने अवस्था भने देखिँदैन। १ वर्षेखि माओवादी आन्दोलनलाई पचाउँदै आएको सरकार पनि आन्दोलनबाट गर्ला, सहमतिका लागि राजीनामा दिन तयार होला र नयाँ राष्ट्रिय सहमतिको सरकार निर्माण होला भन्न सकिने आधार छैन। त्यसकारण पनि सहमति एकमात्र बाटो हो। अर्कतर्फपर्दाभित्र दलहरुबीच नयाँ प्रधानमन्त्री र सरकारको नेतृत्वबारे पनि विवाद सुरु भएको छ। आन्तरिकरुपमा नेताहरुले प्रधानमन्त्रीको दौड सुरु गरिसकेका छन्। माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), उपाध्यक्ष बाबुराम भट्टराई, कांग्रेस नेता शेरबहादुर देउवा, उपसभापति रामचन्द्र पौडेल, महामन्त्री केबी गुरुङ, एमाले अध्यक्ष झलनाथ खनाल, नेता केपी ओली प्रधानमन्त्रीको दौडका प्रतिस्पर्धी देखिएका छन। तर, यसमा पनि तात्विक गृहकार्य भने भएको छैन। त्यसैले अर्का सरकारको फर्मेसन अनिश्चयको घेरामा छ। यी सबै प्रक्रियालाई अगाडि बढाउन दलहरुबीच आवश्यक घनिभूत छलफल अझै सुरु भएको छैन।

**भर्ना खुल्यो !भर्ना खुल्यो !!भर्ना खुल्यो!!!**

**पूर्णरुपमा नयाँ व्यवस्थापनका साथ सञ्चालित यस सिद्धार्थ कलेज कलंकी बाफलमा विज्ञान, व्यवस्थापन र मानविकी संकायमा नयाँ शैक्षिक सत्रका लागि भर्ना खुल्यो। यहाँ शान्त शैक्षिक वातावरणमा कम्प्युटर साइन्स, होटल म्यानेजमेन्ट तथा आम सञ्चार र पत्रकारीता विषयहरुमा समेत पढाइ हुन्छ। सिट सिमित छ, समयमै भर्ना भै आफ्नो सिट सुरक्षित गर्नुहोस्।**

**सिद्धार्थ कलेज कलंकीमा धादिङ जिल्लाबाट SLC उत्तिर्ण गरेर विज्ञान संकायमा भर्ना हुने विद्यार्थीलाई विशेष छुटको व्यवस्था छ।**

**सिद्धार्थ कलेज कलंकी बाफल, काठमाण्डौं**

सम्पर्क ०१-४२७८६३२, ०१-४२८४६६६

आज गुरु पूर्णिमा – समस्त गुरुजनमा आभार प्रकट गर्दछौं।

गुरु ब्रम्हा, गुरु विष्णु, गुरुदेव, महेश्वर, गुरु साक्षत् परब्रम्हा तस्मै गुरुवे नम :

## सिलाई–कटाई तालिम शुरु

**धादिङवेशी (धास)।** प्रमुख जिल्ला अधिकारी भरत पौडेलले युवाहरुले बेरोजगारीको चर्को मार खेपीरहेको बेला सिपमुलक तालिमबाट राहत पुग्न सक्ने बताउनु भएको छ। सदरमुकाम धासदङबेसीमा शुरु भएको सिलाई-कटाई तालिमको उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी पौडेलले सो कुरा बताउनु भएको हो।

एण्डिला सिलाई-कटाई प्रशिक्षण केन्द्रले सञ्चालन गरेको तालिम उद्घाटन गर्दै प्रजिअ पौडेलले अदक्ष श्रमिकको रुपमा विदेशमा गएर दुःख पाउनु भन्दा सिप सिकेर स्वदेशमै आय-आर्जन गर्न युवाहरुसंग आग्रह पनि गर्नु भयो। एण्डिला सिलाई-कटाई प्रशिक्षण केन्द्रकी प्रोपाइटर कल्पना अधिकारी, सुनौला बजार निवासी हरि श्रेष्ठ र सांकोष निवासी रामकृष्ण सेवाको संयुक्त पहलमा शुरु भएको तालिममा सयजना प्रशिक्षार्थीले तालिम लिने भएका छन्। १७ वटा मेसिनबाट दैनिक ४ समुहमा सञ्चालन भैरहेको तालिममा ३ महिने, ६ महिने र ९ महिने गरि ३ किसिमका तालिम रहेको सञ्चालक कल्पना अधिकारीले बताउनु भयो। अहिले व्यवसायिक सिपको माध्यमबाट आफ्नो आय-आर्जन वृद्धि गर्न माग बढेको, लगाउने कपडाहरुको डिजाईन दिनानुदिन परिमार्जित हुँदै गईरहेको सन्दर्भमा डिजाईन कर्ताको अभाव देखिएको र व्यवसायिक सिपको अभावमा युवाहरु दैनिक जसो विदेश पलायन भैरहेको अवस्थामा थोरै भए पनि न्यूनिकरण गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको पनि अधिकारीले बताउनु भयो।

तालिममा कल्पना अधिकारी, रामकृष्ण सेवा र दिनेश शाहले प्रशिक्षार्थीहरुलाई सिलाई सम्बन्धी विषयमा आवश्यक प्रशिक्षण दिइरहनु भएको बताईएको छ।

## भुवनेश्वरीबाट एस.एल.सी उर्तिण हुनेलाई सम्मन

**धादिङ (धास)।** भुवनेश्वरी माध्यमिक विद्यालय चैनपुरबाट यसवर्ष एस.एल.सी उर्तिण गरेका विद्यार्थीहरुलाई सम्मान गरिएको छ।

विद्यालयमा आयोजित सम्मान तथा चियापान कार्यक्रमको अवसर पारेर एस.एल.सी पास भएका विद्यार्थीहरुलाई सम्मान गरिएको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुदत्त सिलवालको अध्यक्षता एवं श्रोतव्यक्ति ओमप्रसाद पाठकको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा २०६६ सालको एस.एल.सी परिक्षामा विशिष्ट श्रेणीमा उर्त्तिण भएका सुमन इटनी, दलित समुदायबाट प्रथम किरण नेपाली, छात्रातर्फ प्रथम सृजना इटनी र जनजातिको तर्फबाट प्रथम अविशेक कुमाललाई नगद तथा जिन्सी सामग्री दिएर सम्मान गरिएको हो।

यसैगरी विद्यालयमा प्रथम श्रेणीमा उर्त्तिण सबै विद्यार्थीलाई फुलमाला लगाइदिनुका साथै कलम, तथा डायरी दिएर सम्मान गरिएको थियो।

## झार्लाङमा दलित भेला सम्पन्न

**झार्लाङ (धास)।** झार्लाङ गाउँ विकास समिति वडा नम्बर १ गल्म्राङमा रहेका स्थानीय दलित समुदायका सदस्यहरुको भेला सम्पन्न भएको छ।

ग्रामीण विकास समाज रुडेक नेपालको पहलमा भएको भेलाले दलित समुदायको हक अधिकार सुनिश्चितता र नेतृत्व विकासको लागि दलित सशक्तिकरण समूहको गठन गरेको छ।

मान घले विकको अध्यक्षतामा गठन भएको ११ सदस्सीय समूहको उपाध्यक्षमा जीतबहादुर विक, सचिवमा जाइराम विक, सहसचिवमा लालबहादुर विक र कोषाध्यक्षमा हिरालाल विक रहनु भएको छ। भेलामा रुडेक नेपालका अध्यक्ष सन्तोष सिम्खडाको पनि उपस्थिति रहेको थियो।

## एस.एल.सी उर्तीण हुनेलाई विदाई

**धादिङ (धास)।** जनकल्याण माध्यमिक विद्यालय बैरेनी ७ मासटारमा शुक्रवार एस.एल.सी परिक्षा उर्तीण गरेका विद्यार्थीहरुलाई एक कार्यक्रमको आयोजना गरी सम्मान तथा विदाई गरिएको छ।

जनकल्याणा माध्यमिक विद्यालय कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको आयोजनामा भएको सम्मान तथा विदाई कार्यक्रममा वागेश्वरी उच्च माविका प्रधानअध्यापक ध्रुवप्रसाद खतिवडाको प्रमुख आतिथ्य रहेको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामशरण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा २०६६ सालको एस.एल.सी परिक्षा उर्तीण गरेका ३० जना विद्यार्थीहरुलाई प्रमाणपत्र दिएर सम्मान गरिनुको साथै विद्यालयबाट विदाई गरिएको थियो।

# अराजकतालाई चिर्न सक्ने नेतृत्वको आवश्यकता छ



धादिङ जिल्लाको सुनैलाबजार गाँउ विकास समितिको वडा नं १ मा जन्मिएर वडा नं ७ तल्लोवेशीमा वसोवास गर्दै आउनु भएका रामनाथ अधिकारी नेपाली कांग्रेसको जिल्ला सभापती हुनुहुन्छ। २०१८ सालमा बाबु शिबनाथ अधिकारी र आमा टीकादेवीको कोखवाट जन्मनु भएका अधिकारीले २०३६ साल देखि सक्रिय र २०३८ सालदेखि जिल्ला अदालतको नोकरी छाडेर पुर्णकालिन राजनीतिक जीवनमा लाग्नु भएको हो। धादिङ निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधी सभाका सदस्य समेत निर्वाचित हुनु भएको अधिकारी कांग्रेस भित्रका शालीन र मिलनसार नेताको रुपमा चिनिनु हुन्छ। नेपाली कांग्रेसको आसन्न गाँउ, क्षेत्र र जिल्ला अधिवेसनको सेरोफेरोमा रहेर सभापती अधिकारीसँग हामीले कुराकानी गरेका थियौं। प्रस्तुत छ नेपाली कांग्रेसका सभापती रामनाथ अधिकारीसँग यस साप्ताहिक कार्यकारी सम्पादक राजाराम शर्माले गर्नु भएको कुराकानी -सम्पादक

**➢ नेपाली कांग्रेसको आसनन्त जिल्ला अधिवेसनको तयारी कहा पुग्यो ?**

हामीले पार्टीको गाँउ, क्षेत्र र जिल्ला अधिवेसनको सम्पुर्ण तयारी पूरा गरिसकेका छै। पार्टीको परिमार्जित विधान वमोजिम देशभरका सवै गाविसहरुमा एकैदिन अर्थात आज साउन ९ गते सवै क्षेत्रमा एकैदिन अर्थात साउन १५ गते र सवै जिल्लाहरुमा एकैदिन अर्थात साउन १७ गते अधिवेसन हुदैछ। यद्यपी जिल्ला अधिवेसन भने राष्टिय राजनीतिको प्रभावले स्थगित गरिएको छ। हामीले धादिङका ५० वटौ गाविसमा गाँउ अधिवेसनको तयारी पुरा गरिसकेका छौ। यसको लागी ५० जना शिक्षकहरुलाई मतदान अधिकारीको रुपमा परिचालित गरिसकेका छौ।

**➢ तपाई २०५४ सालदेखि कांग्रेस धादिङको सभापती हुनुहुन्छ। अझै पार्टी नेतृत्वमा रहने सोच वनाउनु भएको छ ?**

अवस्य पनि मैले २०५४ सालदेखि पार्टी नेतृत्व सम्हाल्दै आएको छु। तर नर्वाचित भएर भने २०५८ साल देखि पार्टी सभापतीको जिम्मेवारी वहन गरेको छु। यो अबधिमा धेरै साथिहरुले आफ्नो क्षमता वृद्धि गरिसक्नु भएको छ। पार्टी नेतृत्व सम्हाल्न धेरै साथिहरु ईच्छुक रहेका पनि मैले पाएको छु। त्यस कारण जिम्मेवारी बाँडफाड गर्नुपर्छ भन्नेमा म छु। पार्टीका जिम्मेवार साथीहरुमा दैनिक जसो छलफल , सरसल्लाह भैरहेको छ। सवैको सहमती र एकतामा नेतृत्व कसले लिने भन्ने कुराको टुङ्गो लगाउनु पर्छ भन्ने मान्यता हो। अर्को कुरा एउटा पदमा धेरै साथीहरुले ईच्छा राख्नु भयो भने त्यसलाई सहमतिमा पुऱ्याउदाको स्थितिके हुन्छ अहिल्यै भन्न सकिदैन।

**➢ आसन्न अधिवेसनवाट कस्तो नेतृत्व छनोट हुनुपर्छ। भन्ने लाग्छ तँपाईलाई ?**

अहिले मुलुकको परिस्थिती अति जटिल मोडमा छ। खास गरि जनआन्दोलन २०६२/६३ र संविधान सभाको विर्वाचन पछि मुलुक सहमति, सहकार्य र एकतामा अघि बढ्नु पर्छ भन्ने जनादेश प्राप्त भएको छ। यो अवस्था जिल्ला र गाँउ तह सम्म पनि लागु गराउनु पर्छ। त्यसैले सवैलाई समेटेर अधिबढ्न सक्ने ,समायोजन गरेर जान सक्ने , विचारले अरुलाई कम्मिन्स गर्न सक्ने नेतृत्व नै अबको आवश्यकता हो। अवको जिल्ला अधिवेसनले त्यहि अनुरुपको नेतृत्व चयन गर्न सक्नु पर्छ।

**➢ कांग्रेस दुई धारमा विभाजन भएको छ भन्ने सुनिन्छ नी ?धादिङको अवस्था के छ ?**

मलाई त्यस्तो लाग्दैन। प्रजातान्त्रिक पार्टीमा आ-आफ्नो विचार सवैले राख्न पाईन्छ। निर्णय साझा हुन्छ। धादिङको परिवेशमा नेपाली कांग्रेस विभाजित छैन। अव कुरा रह्यो प्रतिनिधि छनोटको। आ-आफ्नो ठाँउबाट प्रतिनिधी बन्न चाहानु स्वाभाविक हो। थोरै सिटमा धेरैको चाहाना भयो भने त्यहा प्रतिस्पर्धा हुन्छ। प्रतिस्पर्धामा कोही जित्ने र कोही हार्ने हुन्छ। यसलाई विभाजन भन्न मिल्दैन। यो स्वाभाविक रलोकतान्त्रिक प्रक्रिया हो।

**➢ पछिल्लो समयमा राजनीति विचारले भन्दा पनि बल र धनले निर्देशित भएको पाईन्छ। यो अवस्था प्राय:सवै राजनीतिक दलमा देखिन्छ। के भन्नु हुन्छ यसमा ?**

-अवश्य पनि अहिले यो अवस्था देखिन्छ। यसले कसैलाई फाइदा गर्दैन। राजनीति भनेको विचारले चल्नुपर्छ, कार्य क्षमता र कार्य सम्पादनको आधारमा नेताको गुण दोष छुट्याउनुपर्छ। पछिल्लो समयमा धादिङमा अस्वस्थ्य खालको राजनीतिक परिस्थिती सिर्जना भएको छ। अराजक अवस्था सिर्जना भएको छ। सबैले यसप्रति गम्भिर भएर सोच्नु जरुरी छ र काँग्रेसको भावी नेतृत्व यी सबै अराजक क्रियाकलापलाई चिर्न सक्ने हुनुपर्छ।

**➢ अब एकछिन समसामयिक राष्ट्रिय परिस्थितिको बारेमा कुरा गरौं। वर्तमान राष्ट्रिय परिवेशलाई कसरी हेरिरहनु भएको छ ?**

अहिले राष्ट्रिय राजनीति तरल अवस्थामा छ। जनताले सुम्पिएको संविधान निर्माण कार्य, शान्ती प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने काम रोकिएको छ। दलहरु सत्ता प्राप्ती र सरकार बनाउने खेलमा अल्झिएका छन्। त्यसमा पनि एकिकृत नेकपा माओवादी सबैभन्दा अघि देखिन्छ। माओवादी संविधान नबनाउने खेलमा लागि रहेको छ। यसको नैतिक जिम्मेवारी हामीले पनि लिन पारिरहेको छ। एउटा लाजमर्दो कुरा सरकार गठन गर्न समेमत दलहरु असफल भएका छन्। यसले मुलुक कतातिर जाने हो भन्नै नसकिने स्थिति भएको छ। चिन्ता लागेको छ।

अहिले गिरीजाप्रसाद कोइरालाको आवश्यकता खड्किएको छ। जस्तो सुकै असहज भनिएको परिस्थितिलाई पनि सहज बनाउने क्षमता उहाँमा थियो। यतिबेला गिरीजाबाबु हुनुभएको भए सरकार विहिनताको अवस्था हुने थिएन।

➢ अन्यमा धादिङ आवाज साप्ताहिक मार्फत के भन्न चाहनुहुन्छ ?

पहिलो कुरा त धादिङ आवाज साप्ताहिक धादिङवासीको आफ्नो आवाज बन्न सकेकोमा शुभकामना दिन चाहन्छु। आगामी दिनमा पनि यसको प्रकाशन सफलताको कामना गर्दछु। अर्को कुरा यतिबेलाको हाम्रो कार्यभार भनेको नेपाली जनताले चाहेको संविधान निर्माण र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु नै हो। यसका लागि सबै राजनीतिक दल, नागरिक समाज र सर्वसाधारण सबै एक हुनुपर्छ।

त्यसै गरि आगामी भदौ १० देखि १४ सम्म नेपाली काँग्रेसको केन्द्रिय महाधिवेसन हुँदैछ। यसमा पार्टी पंक्तिका सबैलाई सहयोग गर्ने आग्रह गर्दछु। आसन्न जिल्ला अधिवेशनका लागि सबै गा.वि.स.हरुबाट विचार, विकास र निकास दिन सक्ने जुझारु, सक्रिय साथीहरुलाई प्रतिनिधिको रुपमा छनौट गरेर धादिङको काँग्रेसलाई सशक्त बनाउन तपाईको लोकप्रिय पत्रिका मार्फत अपिल गर्न चाहन्छु।

# सभ्य नागरिकको परिचय दिऊँ

**सुमित्रा लम्साल**
**समसामयिक**

हामी सवैलाई थाहा नै छ कि मानिस एक सामाजिक प्राणी हो। मानिसलाई आफ्नो जीवन गुजारा गर्न समाजको आवश्यकता पर्छ। त्यस कारण मानिसलाई विवेकशील प्राणी भन्ने गरिन्छ। भनिन्छ सोच, विचार ,सहि ,गलत राम्रो नराम्रो असर खराव छुट्याउन सकिने गुण भएकोले मानिस भनिएको हो। तर कुनै समयमा यस्तो परिस्थितिको सृजना पनि हुन पुग्छ। कि मानिसलाई एक वुद्धि विवेकहिन प्राणी भन्दा पनि अत्यायुक्ति नहोला। कतिपय अवस्थामा त मानिसले पशुको जस्तो व्यवहार पनि देखाउदैनन्। आफ्नो व्यक्तिगत स्वार्थको लागि , फाईदाको लागी समाज प्रति आफ्नो कर्तव्य र दायित्वबाट मुख मोड्न थाले मानिसहरु । हाम्रो धादिङवेशीको वातावरणलाई एक पटक नियालेर हेरौं त के त्यहाँ वसोवास गर्दै आएका मानिसहरुले आफ्नो कर्तव्य र दायित्व सम्झेका छन् ? पक्कै छैनन्। एउटाले जे गऱ्यो अर्कोलाई त्यहि नगरी हुदैन। चाहे राम्रो काम होस चाहे नराम्रो होडवाजी चल्छ अनि प्रतिस्पर्धा चल्ने गर्छ। अनि कस्ले जित्ने कस्ले हार्नेको खेल सुरु हुन्छ दिन प्रतिदिन। वर्तमान परिपेक्षमा यस्तै हुदैछ धादिङवेशीमा सडकको दुवैतिर छेउमा निर्माण सामाग्री थुपारेर आफ्नो आश्यक स्थल निर्माण गर्ने कामको लागी तँछाड मछाड अनि प्रतिस्पर्धा चल्दैछ। दिन प्रतिदिन सडकमा बाटो बन्द हुने गरि निर्माण सामाग्री थुपार्ने काम जारी छ। आफ्नो क्षमताले धाने भन्दा बढि भार व्यहोर्नु परेको छ त्यो सडकले। यातायात त मानिसलाई आवत जावतका लागी अनुकुल वातावरणको सृजना हुदै छ। सडकमा यातायातको लागी ज्यादै कठिन पर्न थालेको छ। आधा भन्दा बढि ठाँउमा निर्माण सामाग्री थुपारिएको हुदा बाटो निकै साँगुरो बन्न पुगेको छ। मानिसको ठुलो जमघट यातायात अनि सडकको त्यो दयानीय स्थिति निकै कठिन बन्न पुगेको छ। धादिङवेसी बजारको कुल क्षेत्रफल भित्र दैनिक कँयौ सानाठुला दुर्घटना हुन जान्छ। सडकको त्यस्तो हालतको कारण दुर्घटनाले ठुलो रुप नलेला भन्न सकिदैन। पत्रपत्रिका टेलिभिजन र अन्य संचार माध्यमहरु वाट निर्माण सामाग्री सडकको छेउमा नराख्नको लागी सुचना तथा जानाकारी गराउँदा पनि यो कम हुने जारी छ। एक कानले सुनेर अर्को कानले उडाइदिन्छन् यहाँका स्थानिय वासिन्दाहरु। अनि आफु यि सवै सुचनाहरुबाट अनविस भएजस्तो लाज पचाएर हिड्ने गर्छन्।

शहर बजार भनेको त प्राय: शिक्षित तथा बुद्धिमानी मानिसहरु बसोबास गर्ने स्थल हो। अशिक्षित अचेत मानिसहरु प्राय: विरलै भेटिन्छन् शहरहरुमा। तर यि शिक्षित बसेका ठाउँमा यस्तो विकृति भइरहेको छ भनेर कसले त्यतातिर आफ्नो ध्यान केन्द्रित गर्ने। मानिस जति शिक्षित सभ्य र अमिर बढ्दै जान्छ त्यति नै उसले आफ्नो दायित्व भुल्दै जान्छ भनेको हो रहेछ। अरुको गल्ती सुधार गर्नुपर्ने यि शहरियाहरु आफै गल्ति गर्दै छन्। आफ्नो समानको सहि प्रयोग गरेर उचित स्थानमा व्यवस्थित तरिकाले राख्न सक्दैनन् अर्कालाई भार परेर आफ्नो व्यक्तिगत स्वार्थको लागि सडकलाई मुख्य निसाना बनाउँदै छन्। फितलो प्रशासन र अव्यवस्थित शहरिकरणको कारण आज सडकहरुले यति ठुलो भार खेप्नु परेको छ। कसले वास्ता गर्ने प्रशासन त आफ्नो मुखमा भोटे ताल्चा झुन्ड्याएर एकातिर पाखा लागेको छ। यहाँका ठुलाबढा जसलाई कुनै मिटिङ र सभा सम्मेलन भन्दैमा फुर्सद हुँदैन। राजनितिक दल जहाँ खिचातानी बढ्दैछ। अनि कुर्सिको लागि आफैं दल दल बीच लड्दै छन्। मनमुटाव पैदा हुँदैछ। यहाँका युवा पिढि जुन अब सेवामुलक कार्यमा होइन विकृति मुलक कार्यमा अग्रसर हुन थालेका छन्। आ-आफ्नो ठाउँमा सबै आँफै व्यस्त छन्। अनि कसले त्यतापट्टी फर्केर सोचिदिने ? यहाँको प्रहरी प्रशासन त आफ्नो भत्ता बुझेर बसेका छन्। न कुनै संघ संस्थाले विचार गर्छ। सडकलाई भार माथि भार खपिँदै छ यहाँ मानिसहरु सबै मस्त निन्द्रामा परेका छन्। स्थानीय निकायले पनि वास्ता नगर्ने प्रसाशनले मुख फेर्ने अनि सम्बन्धित व्यक्तिहरुले मुन्टो मोड्ने हो भने कसले गरिदीन्छ यहाँ। धादिङवेशीको सडकको छेउमा अलपत्र परेको त्यो निर्माण सामाग्री हटाउन कुनै विदेसी संघ संस्थालाई हाज जोड्नुपऱ्यो ? कि सहयोगको भीख माग्दै हिड्नुपऱ्यो। त्यति शक्ति पनि छैन यहाँका सम्बन्धित निकायलाई। यदि अबका कुनै दिनहरुमा पनि यो समस्याको गहिराइमा पुगेर यसको समाधान गर्न सकिएन भने सडक घरको आँगन बन्न पुग्छ, जहाँ विस्कुन सुकाउन देखि लिएर सबै घरको कार्य सञ्चालन हुने गर्छ। यस्तै हो भने हाम्रो घरको आँगन र त्यो सडकमा के फरक भयो र ?

# वि.पि स्मृति दिवस मनाइयो

**धादिङवेशी (धास)।** नेपाली कांग्रेस धादिङले साउन ६ गते धादिङवेसीमा एक कार्यक्रमको आयोजना गरी २९ औं वि.पि स्मृति दिवस मनाएको छ।

नेपाली कांग्रेस धादिङका सभापति रामनाथ अधिकारीको अध्यक्षतामा सम्पन्न स्मृति दिवसमा वि.पि. चिन्तन प्रतिष्ठान धादिङका अध्यक्ष बद्री दाहालको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा नेकपा एमाले धादिङका अध्यक्ष गुरुप्रसाद बुर्लाकोटी, एकिकृत नेकपा माओवादी धादिङका जिल्ला सहइन्चार्ज रामबहादुर भण्डारी लागयतको आतिथ्य रहेको थियो।

त्यसैगरी प्रमुख जिल्ला अधिकारी भरत पौडेल, प्रहरी प्रमुख घनश्याम अर्याल लगायतको आतिथ्य रहेको थियो।

अब तपाईहरुको लागि
धादिङ आवाज
साप्ताहिक प्रत्रिका
Webside:
www.dhadingawaj.com.np
मा पनि

भर्ना खुल्यो भर्ना

# जीर्ण छ धादिङबेसि सल्यान्टार सडक



✍ ... राजाराम शर्मा

dhadingawaj.com

वर्षाको समय हुदा नहुदै धादिङका ग्रामीण क्षेत्रको यात्रामा यात्रुहरुले कठिनाइ व्यहोर्नु परेकॊ छ । धादिङका ग्रामीण सडकहरु मध्ये २०४१ सालदेखि धादिङबेसि सल्यान्टार सडक भनि नामाकरण गरी संचालनमा आएको अति व्यस्त सडकमा प्रत्येक वर्ष सत्तरी लाख देखि एक करोड खर्च गर्दै आएको छ ।

प्रत्येक वर्ष ठेक्का प्रक्रियाबाट सडकको मर्मत गर्न भनि रकम विनियोजन गरे पनि सडक भने कहिल्यै मर्मत भएको जस्तो देखिदैन । विभिन्न राजनितिक दलहरुको सिफारिसमा छुट्याइएको यत्रो भा्री रकम सडक निर्माण होईन दलहरुको निर्माणको लागि मात्र देखिन्छ । सडकको विषयमा दलहरु भने टालटुले गरेर उम्कन खोज्छन् ।

२०४१ सालदेखि संचालनमा आएको यस सडकले २०६२ साल यता २०६६ सालसम्म मात्र विश्वबैंङ्कको सहयोगमा करिव चार करोड भन्दा वढि रकम खर्च गरी सकेको छ भने २०६७ सालमा एक करोड कएघार लाख रुपैयाँ सडक मर्मत गर्न भनि ठेक्का प्रक्रिया पुरा गरिसकेको छ । जिल्ला विकास समिति धादिङले सो सडकको कर लिने गरेको छ ।

ग्रामिण सडकको अवस्था सुधार्न वायोईन्जिनियरिङ्ग (bio-engineraring) गर्ने सोँच भएको स्थानीय विकास अधिकारी शंकर नेपाल बताउनुहुन्छ । वर्षा सकिने वित्तिकै सडक निर्माण र मर्मत सुरु गरिने पनि उहाँ बताउनुहुन्छ ।

उता सवारी चालक भने यात्रुको चाप वढी र सडकको अवस्था जिर्ण भएकोले सवारी साधन गुडाउन कठिन भएको बताउँछन् । यस्तो जिर्ण र ग्रामीण सडकमा सवारी साधन चलाउनाले सवारी खर्चमा समेत वृद्धि हुने गरेको गाडिहरु विग्रने गरेको चालकहरुको भनाई रहेको छ । यात्रुहरु भने ठेकेठार कम्पनि र सम्वन्धित निकायको मिलमतोमा विनियोजित रकम हिनामिना हुने र गुणस्तरहिन काम भएको कारण सडकले यस्तो अवस्था वेहोर्नुपरेको बताउँछन् ।

यो सडकको १६ किलोमिटर भागमा भने करोडौंको लगानीमा ओटासील भएको छ तर ओटासील पिच बनेर नसकिंदै विग्रिएको अवस्थामा छ । सडक जिर्ण भएकै कारण धादिङको उत्तरी क्षेत्र र गोरखाका उत्तरी क्षेत्रका मानिसहरु आवतजावत गर्न मात्र नभई दैनिक उपभोग्य वस्तु र त्यस क्षेत्रमा उत्पादीत कृषि जन्य वस्तुहरु बजारसम्म ल्याउन कमेत कठिनाई परेको छ ।

# चित्रगुप्तको चक्षु

## भाषण र आसनको विनास

धादिङ जिल्लभित्र हुने सबै कार्यक्रमहरुमा चित्रगुप्ता हेर्न र भाग लीने प्रक्रियामा सहभागी हुँदै आएको थियो । सोही क्रियाकलाप गर्ने क्रममा चित्रगुप्ता एउटा सार्वजनिक कार्यक्रममा सहभागी भयो । नेकपा एमालेको आयोजनामा सहभागी हुन गएको चित्रगुप्ता सबैखाले दृश्यहेरीरहेको बेला आशन ग्रहण गर्ने मौका पायो । सबै हैसियतवालाहरु सहभागी कार्यक्रम रहेछ एमालेको त्यो । पार्टी भित्र सन्तुलन कायम गर्ने कार्यक्रम अतिथी राखेको जस्तो देखिन्थ्यो कार्यक्रममा । चित्रगुप्ता सबै दृश्यलाई हेरिरह्यो कार्यक्रममा । सबैले गरेका भाषण सुन्दा लाग्यो की कार्यक्रम कार्यक्रममा टाँगिएका व्यानर र वक्ताको भाषा आनतान फरक थियो । नियमित देखिने व्यक्तीको भाषा शब्द एउटै आउनुलाई सामान्य मानेपनि अर्को कार्यक्रमको सर्न्दभलाई त्रुटिपूर्ण ढंगबाट प्रयोग भएको देख्दा लाग्थ्यो की एमालेमा प्रशिक्षण धेरै हुने गरेको रहेछ । त्यो भाषण होइन आशनको विवेद पनि प्रष्ट देखिन्थ्यो कार्यक्रममा । एउटै पदिय हैसियत भएकाहरुलाई गरिएको विवेद हेर्दा अनौठो लाग्ने देखिन्थ्यो । एमालेको आन्तरिक जिवन बुझ्केकाहरुलाई लाज मानी मानी सहभागी हुनुपर्ने कार्यकर्ताहरुका लागि कार्यक्रम ठिकै लाग्यो होला तर बाहिरी व्यक्तिहरुका लागि भने कार्यक्रम चिज भयो । चित्रगुप्ता सहभागी भएको यता कार्यक्रमहरु व्यवस्थित बनाउन सुझाव दिन्छ । भाषण र आशनको विनास होइन विकासको लागि चित्रगुप्ता सुझाव व्यक्त गऱ्यो र फर्कियो ।

# रेशमखेती कार्यक्रमको समिक्षा

**धादिङ (धास) ।** एकिकृत सामुदायिक विकास अभियान (आई.सि.डि.सी) धादिङले शुक्रवार एक कार्यक्रम आयोजना गरी जापान अन्तराष्ट्रिय सहयोग नियोग, एवं रेशम खेती विकास कार्यालय धुनिवेशीसँगको साझेदारीमा संस्थाले सञ्चालन गरेको गुणस्तरीय रेशम उत्पादन तथा प्रशोधनका लागि प्रवर्धन परियोजना कार्यक्रमको बारेमा समिक्षा गरेको छ ।

संस्थाको श्रोतकेन्द्र भवन मुरलीभञ्ज्याङ्ग गाविसको अमरावति बगैचामा सम्पन्न समिक्षा कार्यक्रममा संस्थाका अध्यक्ष माधवराज दाहालले रेशम खेती विकासका विभिन्न गतिविधिहरुको बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रमको समिक्षा गर्दै अध्यक्ष दाहालले रेशम खेती गरिँदै आएको जिल्लाको सलाङ, नलाङ, बैरेनी, भुमेस्थान, कुम्पुर र सांकोष गाविसका विभिन्न गतिविधिहरु अवगत गराउनुभएको थियो । सो अवसरमा रेशम खेतीका अप्ठ्यारा परिस्थितिहरु तथा समस्या एवं विद्यमान अवस्थाको बारेमा बताउँदै उहाले संस्थाले आगामी दिनमा गर्ने कार्यक्रमको बारेमा पनि अवगत गराउनुभएको थियो ।

कार्यक्रममा जिल्ला कृषि विकास कार्यालय धादिङका बालि संरक्षण अधिकृत होमनाथ लम्साल, बागवानी विकास अधिकृत रामहरि सोती, रेशम खेती विकास कार्यालय धुनिवेशीका जिवच्छ मण्डल, जिल्ला विकास समिति धादिङका सामाजिक विकास अधिकृत विनोद अर्याल, युनाईटेड मिशन टु नेपाल धादिङका शंकर भट्टराई, लगायत विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, एवं रेशम खेती गर्दै आइरहेका कृषकहरु र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागिहरुले आई.सि.डि.सीले सञ्चालन गर्दै आएको कार्यक्रमको समिक्षा गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यहरुको बारेमा आवश्यक सुझाव दिएका थिए ।

# प्रविणता प्रमाणपत्र तह खारेज

**धादिङ (धास) ।** प्रविणता प्रमाणपत्र तह खारेज गर्ने सरकारको निर्णयमा १३ विद्यार्थी संगठनले सहमति जनाएका छन् ।

शुक्रवार भएको वार्तामा शिक्षा मन्त्रालयसँग ८ बुदे सहमति गर्दै विद्यार्थी संगठनले प्रविणता प्रमाणपत्र तह खारेज गर्ने निर्णयमा सहमति गरेका हुन् । ८ बुदे सहमति पनि विद्यार्थीहरुले हिजो घोषणा गरेको आन्दोलन फिर्ता लिएका छन् ।

मन्त्रालय र विद्यार्थी संगठनबीच भएको निर्णय अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा अनिवार्य एक–एक वटा उच्च माध्यामिक विद्यालय खोल्ने सहमति भएको छ ।


पासाङ ल्हामु कलेज

गोंगबु, काठमाडौंमा शैक्षिक सत्र २०६७/६८ का लागि कक्षा ११

भर्ना खुल्यो !



*धादिङका विद्यार्थीहरुलाई विशेष छुट*
*छात्राहरुको लागि विशेष सुविधा*
*भर्नामा SLC % को आधारमा १००% सम्म छुट*

सञ्चालित कार्यक्रमहरु

विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र संकायमा भर्ना खुल्यो ।

फोन : ४३६३०००, ४३८२६१७



प्रतीक कम्प्यूटर मर्मत केन्द्र

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ ।



तिलक क्षेत्री
फोनः ९८४१६५६१११, ९७५१०९७७७८

धादिङबेसी बीचचबजार,
राष्ट्रिय वाणिज्य बैक संगैको तल्लो घर



हामीलाई सम्झनुहोस

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. नारायणकुमार श्रेष्ठ
त्रिपुरा पुस्तक पसल धादिङवेसी
फोन नं : ०१०–५२०१९०, मो नं. ९८५१०१३३८७